STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २२ गते शनिबार ❑ 5 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

मन्त्रिमण्डल हेरफेर

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नवनियुक्त उपपप्रधानमन्त्री र मन्त्रीले शुक्रबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको गत वैशाख ३१ मा गठित वर्तमान सरकारमा शुक्रबारजनता समाजवादी पार्टी नेपालका तर्फबाट समेत गरी उपप्रधानमन्त्री र अधिकांश नयाँलाई समावेश गरेर मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानबमोजिम नियुक्ति, हेरफेर र कार्यविभाजन भएको थियो ।

नवनियुक्त उपप्रधानमन्त्रीत्रयमा अर्थ मन्त्रालयसहित विष्णुप्रसाद पौडेल, परराष्ट्रसहित रघुवीर महासेठ र शहरी विकाससहित राजेन्द्र महतो रहेका छन् । जसपाबाट आठ र एमालेबाट चार मन्त्री कायम रहनुभएको छ भने जसपाबाट दुई राज्यमन्त्री नियुक्त भएका छन् ।

नवनियुक्त राज्यमन्त्रीले राष्ट्रपति भण्डारीका उपस्थितिमा प्रधानमन्त्री ओलीसमक्ष पद तथा गोपनीयताको शपथ लिए । नवनियुक्त मन्त्रीमा शरत् सिंह भण्डारी-ऊर्जा, जलस्रोत तथा सिँचाइ, शेरबहादुर तामाङ-स्वास्थ्य तथा जनसङ्ख्या, अनिलकुमार झा -खानेपानी, लक्ष्मणलाल कर्ण- भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण, विमल श्रीवास्तव-श्रम, रोजगार तथा सामाजिक सुरक्षा, उमाशंकर अरगरिया-संस्कृति, पर्यटन तथा नागरिक उडड्यन, चन्दा चौधरी-महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र एकवाल मियाँ- युवा तथा खेलकूद मन्त्रालयको जिम्मेवारीमा आएका छन् ।

राज्यमन्त्रीमा चन्द्रकान्त चौधरी ऊर्जा र रेणुका गुरुङ महिला मन्त्रालयमा नियुक्त भएका छन् । हाल गृह, रक्षा, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपक्षी विकास, वन तथा वातावरण, सङ्घीय मामिला तथा सामान्य प्रशासन र सञ्चार तथा प्रविधि मन्त्रालयको कार्यभार प्रधानमन्त्री ओलीले नै

बाँकी अन्तिम पृष्ठमा ▶▶

वोधिसत्वा बिहारको अक्सिजन कन्सेन्टेटर कास्कीका गाँउपालिकामा

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

कास्कीका चार वटै गाँउपालिकालाई अक्सिजन कन्सन्टेटर सहयोग हस्तान्तरण गरिएको छ।

काठमाडौंको वोधिसत्वा विहार र सामाजिक अभियान्ता शान्त शर्माको बिषेश सहयोगमा कास्कीका चार गाँउपालिका माछापुच्छ्रे रुपा, अन्नपूर्ण र मादी गाउँपालिकालाई ५/५ लिटर क्षमताको अक्सिजन कनसन्टेटर मेसिन सहयोग हस्तान्तरण गरिएको पोखरा संयोजक एवं पत्रकार दीननाथ बरालले बताए।

शुक्रबार माछापुच्छ्रे गाउँपालिका बाहेक तीन वटा गाउँपालिकालाई जनही अक्सिजन कन्सन्टेटर सहित स्वास्थ्य सामाग्रि (अक्सोमिटर, मास्क, थर्मल गन, प्रेसर नाप्ने मेसिन लगायत) एक काटुन, सेनिटाइजर २० लिटर, ह्याण्डवास, टुवाइलेट क्लिनर र फिनेल ५/५ लिटर, स्प्रे मेसिन लगायतका स्वास्थ्य सामाग्री सहयोग हस्तान्तरण गरिएको संयोजक बरालले बताए। नेपाल पत्रकार महासंघ कास्कीको परिसरमा संयोजक बराल, पोखराका युवा व्यवसायी श्याम शेरचन, पत्रकार नारायण कुइकेलले मादी गाउँपालिकाका अध्यक्ष वेद बहादुर गुरुङ, रुपा गाँउपालिकाका अध्यक्ष नवराज ओझा, अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत युवराज अधिकारी, स्वास्थ्य शाखा प्रमुख ऋषिराम पौडेललाई उक्त स्वास्थ्य सामाग्री हस्तान्तरण गरीएको हो। कास्कीमा पनि अक्सिजन अभाव भएको अबस्थामा आफुहरुले अक्सिजन कन्सन्टेटर सहितको स्वास्थ्य सामाग्री प्राप्त गर्दा ठुलो राहत प्राप्त भएको महशुस भएको मादी गाउँपालिकाका अध्यक्ष गुरुङले जनाए।

कोरोनाको यो महामारीमा आफुहरुले प्राप्त गरेको स्वास्थ्य सामाग्री लक्षित बर्गलाई उचित ढंगले प्रयोग गर्न दिने रुपा गाउँपालिकाका प्रमुख ओझाले बताए। अधिकाशं बजार केन्द्रित सहयोग आएको अबस्थामा आफ् नो गाँउलाई समेत सम्झेर सहयोग गरेकोमा सहयोगी संस्थालाई उनले धन्यवाद समेत प्रदान गरे। अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत युवराज अधिकारीले प्राप्त स्वास्थ्य सामाग्रि आफुहरुको लागि ठुलो राहत भएको बताए।

यसैबिच, शुक्रबार सृजनशिल अपाङगता सरोकार समिति (पि.आर.टि.)लाई औषधी सहयोग गरिएको छ । समितिलाई प्यान्टो प्राजोल, कप सुरक, भिटामिन बि कम्प्लेक्स, सिटामोल, साइनेक्स लगायतका एक काटुन औषधी वितरण गरिएको संयोजक बरालले जनाए। समितिका अध्यक्ष फडिन्द्र प्रसाद पौडेलले हाल आफुहरुलाई औषधिको साथमा खाद्य सामाग्री अत्यावसेक भएको गुनासो गरे । हाल आफुहरुलाई करिब ७० जनाको लागि खाद्य राहत सामाग्री आवश्यक परेको बताए । आवश्यक खाद्य सामाग्री उपलब्ध गराउन हाल पहल गरेको बरालले जनाए । स्मरणरहोस विहिबार पोखरामा तीन वटा सामुदायिक अस्पताललाई जनही ५/५ वटा अक्सिजन कन्सन्टेटर सहितको स्वास्थ्य सामाग्री वितरण गरिएको थियो । पोखरा महानगरपालिका वडा नम्बर २२ को स्वास्थ्य चौकी देखि गण्डकी प्रदेशको शंक्रामक तथा सरुवा रोग अस्पताल सहित केही संघ संस्थालाई करिब ३० लाख मुल्य बराबरको स्वास्थ्य सामाग्री वितरण गरिएको छ।

भेदभाव अन्त्यका लागि मानवीय सोच आवश्यक : प्रदेश प्रमुख पौडेल

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेलले छुवाछूत र विभेद अन्त्यका लागि मानवीय सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको बताउनुभएको छ।

जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस २०७८ को अवसरमा सम्पूर्ण नेपालीलाई शुभकामना व्यक्त गर्दै उहाँले विभेद अन्त्यका लागि कानूनको अपरिहार्यतासँगै मानवीय सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको बताउनुभएको हो । सन्देशमा भनिएको छ, "सामाजिक रुपान्तरणका लागि सबै प्रकारका जातीय विभेद, कुरीति, कुसंस्कार, अन्धविश्वासलगायत अमानवीय व्यवहारहरूलाई अन्त्य गरी सुसभ्य न्यायिक र समतामूलक समाज निर्माणका लागि कानूनको परिपालनासँगै मानवीय सोच र व्यवहारमा परिवर्तन जरुरी छ ।" नेपालको संविधानको प्रस्तावनामा मौलिक हकअन्तर्गत समानताको हक, छुवाछूत तथा भेदभावविरुद्धको हक व्यवस्था गरिएको स्मरण गराइएको छ। सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने व्यवस्था हुँदाहुँदै पनि समाजमा यस्ता खालका घटना भइरहनु दुःखद् भएको उल्लेख गर्दै हरेक नागरिकले आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति दिलाउने कार्यमा सबै एकजुट हुन आग्रह गरिएको छ । प्रदेश प्रमुख पौडेलले कोरोना महामारीको यो कठिन समयमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर मानवीयतालाई केन्द्रविन्दुमा राख्दै महामारीविरुद्ध एकजुट हुन पनि आह्वान गर्नुभएको छ । विसं २०६२/६३ को ऐतिहासिक जनआन्दोलनबाट पुनःस्थापित संसद्ले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको थियो।

विसं २०६८ मा जातीय भेदभाव तथा छुवाछूत कसुर र सजाय ऐन बनेको थियो। नेपाल सरकारले जेठ २१ लाई जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका रूपमा घोषणा गरी उक्त दिनलाई राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएको छ।

गण्डकी प्रदेशमा थप ६८० जना संक्रमित, ७ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप १५५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। कास्कीमा ७७ जना पुरुष तथा ७८ जना महिला गरी १५५ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ५५४ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ६८० जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका १७५ सहित म्याग्दीका २० जना, स्याङ्जाका ४९ जना, बाग्लुङका ११८ जना, पर्वतका ४८ जना, तनहुँका ४९ जना, गोरखाका ७५ जना, लमजुङका ४४ जना र नवलपुरका १२२ जना गरी प्रदेशका ९ जिल्लामा ३५८ पुरुष तथा ३२२ जना महिलामा कोरोना पुष्टि भएको हो । योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४५ हजार ४२१ पुगेको छ। पछिल्लो २४ घण्टामा ९४६ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३५ हजार २५० पुगेको छ । गण्डकीमा थप १० जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ७३३ पुगेको छ।

पोखराका अस्पतालहरुमा उपचाररत ७ जनासहित गण्डकी प्रदेशका थप १० जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७३३ पुगेको छ।

मृतकहरु कास्की जिल्लाका ४ जना, बाग्लुङ जिल्लाका १ जना, तनहुँ जिल्लाका २ जना, म्याग्दी जिल्लाका २ जना, नवलपुर जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

फेवातालका डुङ्गा चालकलाई राहत

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखराको फेवातालमा डुङ्गा चलाएर जीविकोपार्जन गर्दै आइरहेका डुङ्गा चालकहरूलाई रेष्टुरेण्ट एण्ड वार एशोसियसन (रेवान) पोखरा र आर्ट अफ लिभिङले राहत सामग्री वितरण गरेको छ।

कोरोना सङ्क्रमणको कारण जारी निषेधाज्ञाले पेशा सङ्कटमा परेपछि बिहान बेलुकाको छाक टार्नका लागि समस्यामा परेका चालकहरूलाई राहत वितरण गरिएको रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले जानकारी दिनुभयो। "लामो समय भयो, निषेधाज्ञा छ ,काम गरेर विहान बेलुकाको छाक टार्न समस्या परेको भन्ने थाहा पाएपछि राहत सामग्री वितरण गरेका हौ।" बरालका अनुसार डुङ्गा व्यवसायी समितिको समन्वयमा आर्थिक अवस्था कमजोर भएकाहरूको पहिचान गरी शुक्रबार ८५ जनालाई खाद्यान्न र स्वास्थ्य सामग्री वितरण गरिएको हो । थप समस्यामा परेका ३२ जनाको पनि नाम आएकाले उनीहरूलाई शनिबार बिहान वितरण गरिने बरालले जानकारी दिनुभयो।

आर्ट अफ लिभिङ गण्डकी प्रदेशका प्रमुख एवम् पर्यटन व्यवसायी नरेश भट्टराईले एक परिवारलाई २५ सय बराबरको खाद्यान्न र स्वास्थ्य सामग्री वितरण गरीएको जानकारी दिनुभयो।

राहत लिएर जाँदै गर्दा एक डुङ्गा चालकले जीविकोपार्जनमा समस्या भइरहेको समयमा पाएको सामग्रीले क्षणिक राहत दिएको जनाउँदै आफ्नै पसिनामा डुङ्गा खियाएर दैनिकी चलाउने दिनको पर्खाइमा रहेको बताउनुभयो । व्यवसायी समितिका अध्यक्ष बुद्धिबहादुर नेपालीका अनुसार फेवातालमा सातसय ७५ जति डुङ्गा चालक रहेका छन्। ती मध्ये चारसयले आफ्नै डुङ्गा चलाउँछन् भने बाँकीले अरुको डुङ्गा चलाएर जीविकोपार्जन गर्दै आइरहेका छन्।

कोरोना राहत स्वरुप दुई बोर्डिङले दिए निःशुल्क पुस्तक

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

कोरोना महामारीको समयमा विद्यार्थी तथा अभिभावकलाई सुरक्षित राख्नको लागि पोखराका दुई निजी बोर्डिङले निःशुल्क पाठ् यपुस्तक प्रदान गरेको छ।

सम्भवत पोखरामा पहिलो पटक पोखरा महानगरपालिका वडा नं १३ स्थित बाल कल्याण स्कुल र वेसलाइन एकेडेमी स्कूलका विद्यार्थीहरुलाई रिजल्टसँगै निःशुल्क पुस्तक वितरण गरिएको हो । ज्यान बचाएर घरमै बस्ने समयलाइ विद्यालयले आत्मैदेखी बुझेर बजार घुम्दा कोरोना संक्रमण हुन सक्ने सम्भावनालाई सुरक्षित राख्न हालै विद्यालयवाट पुस्तक वितरण गरेको छ। गत वर्षदेखि कोरोनाले ग्रस्त आर्थिकले हरेक अभिभावकलाई पढाउन समस्या परेको समयमा निःशुल्क पाठ्य पुस्तकले केही सजिलो होस भनेर यो कार्यक्रम गरिएको बाल कल्याण स्कुलका प्रिन्सिपल तथा संचालक षडानन्द गौतमले बताए। लकडाउन नहुँदै जोर विजोर गाडी चल्ने समयममा नै काठमाडौदेखि पुस्तक ल्याएर राखिएको गौतमले भने । रिजल्टका दिन विद्यालयमा आउन नसकेका कोरोना संक्रमित अभिभावक र रुघाखोकी लाएर घरमा बस्नु भएका अभिभावकको घरमा स्वास्थ्य मापदण्ड पुरा गरि घरघरमा पुस्तक प्रदान गरिएको प्रिन्सिपल गौतमले बताए । यस्तो आर्थिक मन्दीमा दुइ विद्यालयका १४ सय विद्यार्थीलाई करिव ३० लाख बराबरको पुस्तक अभिभावकलाई वितरण गर्न पाउँदा आत्मैदेखि आनन्द भएको प्रिन्सिपल गौतमले भने। वडा नं १३ का वडा सदस्यद्धय कृष्णकुमारी गुरुङ र कमला विकले पनि निजी विद्यालयले यस्तो समयमा निःशुल्क पाठ्यपुस्तक वितरण गर्नाले अभिभावकको व्यथा बुझ्न सफल विद्यालय भनेका छन्।

विद्यालयले सारै राम्रो कार्य गरेको चर्चा गर्दै अभिभावक प्रकाश सिग्देलले सरकारले वर्तमान समयमा विद्यार्थीलाई केही नसोचेको वेला निजी विद्यालय समाजमै उदाहरणीय बनेको भने । कोरोना महामारीको समयमा यस्तो उदाहरणीय कार्य अन्य विद्यालयले पनि अनुशरण गरेमा अभिभावकलाई ठूलो राहत पुग्ने अभिभावक सिग्देलले जोड दिए । कितावबाट बंचित भएर पढाइ छोड्न विवश भएका विद्यार्थीहरुको हातमा किताव परेपछि धेरै जसो अभिभावक खुशी भएका विद्यालयका अभिभावक शान्तवहादुर घिसिङले बताए । वेसलाइन एकेडेमी स्कुलका प्रवन्ध निर्देशक तथा संचालक शोभा लक्ष्मी पौडेलले पनि पुस्तक अभिभावकको हातमा परेपछि अभिभावकको हसिलो अनुहार देखेपछि आफुलाई हृदय देखि आनन्दको अनुभुति मिलेको भनिन्। त्यसैगरी वेसलाइन एकेडेमीवाटै हाइ स्कुल उर्त्तीण गरी अंग्रेजीमा स्नातकोत्तरको गर्न सफल सोही विद्यालयकै सहायक प्रधानाध्यापक दिलु गुरुङलाई यस्तो महामारीको समयमा अभिभावकलाई निःशुल्क पुस्तक प्रदान गर्न पाउँदा जीवनमा सबैभन्दा खुशी मिलेको भनिन्।

बालकल्याण स्कुलमा शिक्षक तथा अभिभावकको भुमिका खेलीरहेकी मिनमायाँ तमाङलाई पनि विद्यालयले गरेको कार्यक्रमले कुनै पनि विद्यार्थी पढाइबाट बन्चित नहुनेमा खुशी छिन् । वेसलाइन एकेडेमी विद्यालयमा हालै कक्षा ९ मा गएकी आयुष्मा हमालले निःशुल्क पुस्तक हातमा पाउँदा हाम्रो परिवार सारै खुशी भएको र आफ्ना साथीहरु कोही पनि पढाइबाट अव बन्चित नहुने भनिन्।

बागलुङमा डेढ महिनामा ३३ को मृत्यु

पोखरापत्र संवाददाता
गलकोट, २१ जेठ

कोरोनाको दोस्रो भेरियन्टका कारण बागलुङमा कोरोना सङ्क्रमण र मृत्युदर समेत गत वर्षको तुलनामा तेब्बरले बढेको छ।

बागलुङको पछिल्लो तथ्याङ्कअनुसार डेढ महिनाको अवधिमा ३३ सङ्क्रमितको मृत्यु भएको छ। गत वर्षको कोरोनाको पहिलो लहरमा ११ जनाको मृत्यु भएको थियो। पहिलो लहरभन्दा दोस्रोमा बागलुङ निकै तीब्र गतिमा सङ्क्रमण र मृत्युदर बढेको धौलागिरि अस्पताल बागलुङका मेडिकल सुपरिटेन्डेण्ट डा शैलेन्द्र बिक पोखरेलले जानकारी दिनुभयो। "पहिलो लहरभन्दा निकै खतरा रहेको भन्ने कुरा विश्व स्वास्थ्य सङ्गठनले नै भनिसकेको छ। धौलागिरिका चार जिल्लामध्ये पनि बागलुङमा मृत्युदर बढेको छ" डा पोखरेलले भन्नुभयो, "कोरोना सङ्क्रमण बढ्दै गएपनि जटिल अवस्थाका बिरामी केही मात्रामा केही दिन यता घटेको देखिएको छ, अझै सचेतना अपनाउन जरुरी छ।" जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रका संयोजक तथा प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जिल्लामा सङ्क्रमणको दर अझै नियन्त्रणमा नआएको बताउनुभयो।

जिल्लामा निषेधाज्ञा, सचेतना, परीक्षण र उपचार प्रभावकारी रूपमा गर्दा समेत सङ्क्रमणको दर नघट्दा निषेधाज्ञा लम्ब्याउनु पर्ने अवस्था रहेको प्रजिअ कार्कीको भनाई थियो। जिल्लामा स्थानीय तह र नागरिक आफैं जागरुक नभएसम्म कोरोना सङ्क्रमण नियन्त्रण नहुने कार्कीको भनाइ छ। अहिले जिल्लामा एक हजार ७० जना सक्रिय सङ्क्रमित पुगेको छ। यो सङ्ख्या जिल्लामा संक्रिय सङ्क्रमित अहिलेसम्मकै उच्च रहेको स्वास्थ्य कार्यालय बागलुङका कोरोना स्रोत व्यक्ति देवप्रकाश घिमिरेले जानकारी दिनुभयो। जिल्लामा पछिल्लो समय निषेधाज्ञासमेत उल्लङ्घन भइरहेकाले कारण कोरोना सङ्क्रमण नघटेको नागरिकको गुनासो छ। बागलुङमा कोरोना सङ्क्रमण मुक्त हुनेको दर ७२ प्रतिशत रहेको छ।

कोरोना कहरबीच गोलभँडा फलाउँदै सुवेदी

– वासुदेव पौडेल
गण्डकी, २१ जेठ

श्रम र सीप भएमा बेरोजगार बस्नु पर्दैन भन्ने दरिलो उदाहरण बन्नुभएको छ पर्वतको फलेवास नगरपालिका-९ भङ्गर जन्मस्थान भएका कृष्णप्रसाद सुवेदी।

कोरोनामहामारीकाकारणलाखौंयुवा बेरोजगार बनिरहेको अवस्थामा हाल पोखरा महानगरपालिका-३३ बागमारामा बस्दै आउनुभएका सुवेदी आफू त स्वरोजगार बन्नुभएको छ नै व्यावसायिक कृषिका माध्यमबाट अरूलाई पनि रोजगारी दिइरहनुभएको छ। पोखरा-३३ बाघमारामा व्यावसायिक च्याउ खेतीका साथै अन्य विभिन्न यामअनुसारका तरकारी लगाएर राम्रो आम्दानी गर्दै आउनुभएका सुवेदीले टनेलभित्र लगाउनुभएका गोलभँडा यतिखेर बजारमा पुग्न थालेका छन्। कोरोना कहरबीच पनि टनेलबाटै गोलभँडा बिक्री हुन थालेपछि उहाँलाई बजारको चिन्ता छैन। "निषेधाज्ञाका कारण बाहिरबाट तरकारी नआउने भएकाले उत्पादन गर्न सके बारीबाटै बिक्री हुन्छ", उहाँले भन्नुभयो। तीन टनेलमा गोलभँडा राम्रै फलेको बताउँदै उहाँले बजारमा बिक्रीसमेत हुन थालेको जानकारी दिनुभयो। अघिल्लो याममा च्याउ खेतीबाट झण्डै रु पाँच-छ लाखसम्म आम्दानी गरेको उहाँले जानकारी दिनुभयो। आगामी दिनमा कुरिलो खेती गर्ने उहाँको सोच छ। जारी निषेधाज्ञाका कारण कच्चापदार्थको अभावका साथै काम गर्ने मजदूरको पनि अभाव हुँदा भने समस्या पर्ने गरेको उहाँको भनाइ छ। यसअघि सिमी र काँक्राबाट राम्रै आम्दानी हुने लक्ष्य राखे पनि असिनाका कारण क्षति ब्यहोर्नुपरेको उहाँले बताउनुभयो।

एक याम च्याउ फलेपछि एकदुई महिना जति ठाउँ खुल्ला गरेमा राम्रो उत्पादन हुने गरेको अनुभव सुनाउँदै उहाँले वर्षमा दुई याम च्याउ लगाउने गरेको जानकारी दिनुभयो। व्यावसायिक कृषिमा सुवेदीको लगाव भने वैदेशिक रोजगारीबाट फर्केपछि हो। डेढ दशकअघि तीन वर्ष वैदेशिक रोजगारीमा मलेसिया गएका उहाँलाई स्वदेशमा नै केही गर्नुपर्छ भन्ने सिकायो। विदेशको अनुभव र भोगाइ बटुल्दै फर्कनुभएका सुवेदी त्यसपछि भने कहिल्यै विदेश जानुभएन। विदेशबाट फर्केपछि च्याउ खेतीमा लाग्नुभएका सुवेदी हाल दाजुभाइ च्याउ फार्म सञ्चालन गर्दै यसको व्यावसायिक खेतीमा निरन्तर लाग्नुभएको छ। मलेसियाबाट फर्केलगत्तै पोखराको मझेरी पाटनमा दुई रोपनी जग्गा लिएर शुरु गरेको च्याउ खेतीबाट आफू व्यावसायिक खेतीतर्फ आकर्षित भएको उहाँले बताउनुभयो। त्यसयताको १५ वर्षे समयावधिमध्ये विभिन्न स्थानका साथै पछिल्ला छ वर्षको समय पोखरा महानगरपालिका-१९ चितेपानीमा च्याउखेती गरेका सुवेदीले हाल भने बाघमारास्थित महाकाली चोकमा च्याउ खेतीसहित तरकारी खेती गर्दै आउनुभएको छ।

व्यावसायिक च्याउ खेतीमा राम्रो सम्भावना भएर नै आफूले डेढ दशक यसैमा समय बिताएको अनुभव सुनाउँदै उहाँले अघिल्लो वर्ष कोरोना महामारीभन्दा अघिसम्म यस व्यवसायबाट मासिक रु दुई लाखसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो। कोरोना शुरु हुनुभन्दा अघिसम्म राम्रै आम्दानी हुने गरे पनि त्यसयता अपेक्षित आम्दानी नहुने गरेको र कतिपय अवस्थामा घाटासमेत ब्यहोर्नु परेको उहाँको भनाइ छ। कोरोनाको दोस्रो भेरियन्टका कारण व्यावसायिक रूपमा केही गर्छु भन्नेका लागि पुनः चुनौती खडा भएको उहाँले बताउनुभयो। कोरोना महामारीसँगै हुने गरेका निषेधाज्ञा आदिले सामान ढुवानीलगायत कृषिजन्य उत्पादनका लागि आवश्यक कच्चापदार्थ ल्याउन समस्याका पर्ने गरेको कृषकको गुनासो छ।

तामक्रमको सन्तुलन मिलाउन सकेमा च्याउ खेती बाह्रै महिना गर्न सकिने सुवेदीको अनुभव छ। यसका लागि २० देखि २८ डिग्री सेन्टिग्रेड तापक्रम आवश्यक पर्दछ। सरकारले च्याउ खेतीका लागि तापक्रम अनुकूलित टहरा बनाइदिने हो भने कृषकलाई ठूलै राहत मिल्ने उहाँले बताउनुभयो। च्याउ लगाइएको तीन महिनामा उत्पादन दिने उहाँले सुनाउनुभयो। कोरोना कहरका रोजगारी गुमाएका युवालाई व्यावसायिक कृषिमा लाग्न सके बेरोजगार बस्नु नपर्ने सुवेदीको सुझाव छ।

रेडियो सराङ्गकोटको रक्तदान अभियान, ४४ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

कोरोना माहामारीका कारण पोखरामा भएको रगत अभावलाई सहयोग गर्न रेडियो सराङ्गकोटको समन्वयमा गरिएको तेस्रो चरणको रक्तदानमा ४४ युनिट रगत सङकलन भएको छ।

रेडियो सराङ्गकोटको आब्हानमा लायन्स क्लब अफ पोखरा सराङ्गकोट र लायन्स क्लब अफ पोखरा तालबाराही को संयोजनमा पोखरा १८ सराङ्गकोट पिपलडाडी र सराङ्गकोट भ्यु पोइन्ट मा रगत संङकलन गरिएको थियो।

माहामारीमा मनवीय सहयोग सहर्काय सँगै बजार बाट केही टाढा रगत सङ्कलन गर्दा समाजमा सकरात्मक एकताको संन्देश गएको रेडियो सराङ्गकोटका कार्यकारी निर्देशक कृष्ण थापाले बताए। रेडियोले जेष्ठ महिनाभर अन्य संधसंस्थाको सहर्कायमा फरक फरक घुम्ती रक्तदानसँगै आकस्मिक सहयोगका कार्यक्रम हरु गर्दै आएको सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष प्रेम बहादुर जि. सी ले बताए। रक्तदान कार्यक्रम को शुभारम्भ गर्दै लायन्स रक्तदान कार्यक्रम प्रमुख बालकृष्ण शर्माले माहामारीमा मानवीय कार्यले महत्वपुर्ण भुमिका खेल्ने बताए।

लायन्स क्लब अफ पोखरा तालबारहीका अध्यक्ष नारायण प्रसाद पौडेल को सभापत्तित्वमा भएको कार्यक्रममा नेपाली काँग्रेस जिल्ला सदस्य आस बहादुर गुरूङ्ग, लायन्स कलस्टर प्रमुख ऋषि गिरी, लायन्स क्लब अफ पोखरा तालबारहीका संस्थापक अध्यक्ष भिष्म राज पौडेल, पुर्ब अध्यक्ष दिपिन्द्र राई, लायन्स क्लब अफ पोखरा सराङ्गकोटका अध्यक्ष मोतिलाल तिमिल्सिना, सराङ्गकोट टप टोल संस्थाका अध्यक्ष शुशिल जि. सी, रेडियो सराङ्गकोटका निर्देशक छविलाल तिमलसिना, सराङ्गकोट धार्मिक पर्यटन क्षेत्र बिकास समितीका महासचिव शम्सेर बहादुर थापा, जनजागृत मा.वि का अध्यक्ष दिल वहादुर जि.सी, रेडियोका व्यवस्थापक योगेन्द्र श्रेष्ठ, पिपल डाडी टोल संस्थाका उपाध्यक्ष बुद्धि पुन, महिला समाजका अध्यक्ष तारा पुन, पंडीत सोमनाथ सुवेदी, कार्यक्रम संयोजक शिव प्रसाद तिमिल्सीना लगायतले रत्तदानको महत्व माथि प्रकाश पारेका थिए।

रगतको विकल्प औषधी नभएकाले रक्तदान रोगको औषधी मात्रै नभइ मानवीय कार्य भएकाले यस माहामारीमा थप सहयोग आवश्यकतारहेकालेसबैकोसहभागिता रहनु पर्ने रक्तसंचार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले बताए।

नेपाल सुनचादी व्यवसायी महासंघ गण्डकी प्रदेशको कोभिड-१९ हेल्प डेक्स समितिबाट सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

नेपाल सुनचादी व्यवसायी महासंघ गण्डकी प्रदेशद्धारा प्रदेशका व्यवसायीहरुलाई कोभिड-१९ को भाइरसबाट संक्रमित भएका विरामीहरुलाई स्वास्थ्य उपचारमा सहजीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको कोभिड-१९ हेल्प डेक्स समिति चन्द्र किशोर गौतमको संयोजकत्वमा १०१ सदस्यीय सठन गरी १९ सदस्यीय सल्लाहकार समिति चयन गरिएको छ।

सदस्यबाट सहयोग संकलन गरि सदस्य, सदस्यका परिवार र कालिगढहरुलाई सहयोग गरिने जनाएको छ। यसरी सहयोग संकलन गरेको रकम रु ७ लाख २२ हजार ६९ रुपैया रहेको छ भने जसमा थप नेपाल सुनचादी व्यवसायी महासंघले २ लाख सहयोग गरेको छ। यो समेत जम्मा रु ९ लाख २२ हजार ६९ रुपैया जम्मा भएको संयोजक चन्द्र किशोर गौतमले बताए।

संक्रमित र उनीहरुको परिवारबाट आशा गर्दै अपेक्षा गरी रहेका छन्। हाम्रा १०१ जना सदस्यहरु सक्रिय भई रहेका छन्। गोर्खा जिल्लाको विकट अजिरकोट गा.वि.स. घर भै वारपाक शलीकोट बस्ने व्यवसायी हिमबहादुर विश्वकर्मा संक्रमित भएपनि घरमै बसीरहेको अवस्थामा गोर्खाबाट एम्बुलेन्स पठाई ल्याएर उपचार गरि घर फर्केको र उक्त एम्बुलेन्स खर्च हेल्पडेक्स समितिले तिरेको थियो। यसैगरी नवलपुर घरभई रुकुमकोटमा व्यवसाय गरी बसेको भैरहवा सुनचादी पसलका प्रोपाइटर इश्वरी विक परिवारसहित संक्रमित भएको र श्रीमति सुशिला वि.क. मनिपाल शिक्षण अस्पतालमा भर्ना भइ लामो समय बस्नुपरेको हुदाँ औषधी खर्चमा हेल्प डेक्सबाट पन्ध्र हजार र सुनचादी व्यवसायी संघ कास्कीबाट पन्ध्र हजार राहत सहयोग गरेको छ। यसैगरी नवलपुरका व्यवसायी संक्रमित भइ चितवन मेडिकल कलेजमा भर्ना भई लामो उपचार गरेतापनि ज्यान बचाउन नसेको अवस्थामा किरिया खर्चमा सहयोग स्वरुप दश हजार, बागलुङ न.पा.७ घर भई बुर्तिवाङ बस्ने संक्रमित पोखरा लेखनाथ कोभिड अस्पतालमा उपचाररत यामु पैविलाई दश हजार सहयोग गरेको संयोजक चन्द्र किशोर गौतमले बताए।

यसरी कोभिड १९ बाट व्यवसायी बचाउने हाम्रो कार्यमा सबैतिरबाट प्रशंसा भएको र अझै सहयोगी मन भएका व्यक्तिहरुलाई सहयोगको आग्रह गर्दै, संक्रमितहरुलाई एम्बुलेन्स, अस्पताल, अक्सिजन र औषधी सहयोग पुऱ्याउदै संक्रमितबाट बच्नका लागि डाक्टरको परामर्श सम्पर्क तथा जुम प्रविधिबाट शिक्षा पनि दिने अभियान रहेको संयोजक गौतमले बताए।

मन्त्रिमण्डल...

लिएका छन्। एमालेबाट यसअघि मन्त्री भएकामध्ये अर्थमन्त्री पौडेल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङ, कानून, न्याय तथा संसदीय मामिलामन्त्री लीलानाथ श्रेष्ठ कायम रहेका छन्। यसैबीच नवनियुक्त उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले शुक्रबार पदबहाली गरे।

त्यस्तै उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री महासेठले पनि परराष्ट्र मन्त्रालयमा पदबहाली गरेका छन्। उनलाई परराष्ट्र सचिव भरतराज पौड्याल र अन्य कर्मचारीले मन्त्रालयमा स्वागत गरेका थिए।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
- **महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- **सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
- **मलद्वार सम्बन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सिताराम सरको सपना

बसन्त पहारी

सिताराम डाएटिस (चेपाङ जातीको एक थर) को उमेरले ३३ वटा वसन्त पार गर्यो। यो अवधिमा पृथ्वीले ३३ चोटि सुर्यको परिक्रमा गरिसक्यो । गर्मी होस या जाडो, बादल लागोस या वर्षा होस, सुर्यले आफ्नो प्रकाश दिन छोडेन। पृथ्वीका हरेक कुना कन्दरामा सुर्यको प्रकाश पुग्यो होला तर धादिङको माङराङमा शिक्षाको प्रकाश पुग्न भने सकेन भन्दा अतियुक्ती नहोला । धादिङ जिल्लाको दक्षिण पश्चिममा पर्ने माङराङको चेपाङ बस्तीमा स्नातक तहको पढाइ पूरा गर्ने अभै पनि उनि मात्र एक छन। गाउँमा १० र १२ कक्षा उतिर्ण गरेका पनि हातका औंलामा गनेर सकिन्छन। आफुले पढेको गर्व गर्नुमा भन्दा पनि गाउँका आफ्ना साथी भाइहरु र नयाँ पुस्ताका साना भाइबहिनीहरु बीचमै पढाइ छोडेको देख्दा उनको मन कुँडिन्छ । कारण भन्नभने उनी अल्मलिन्छन मानौँ उत्तर भएर पनि यो प्रश्न उचीत छैन। अहिले उनी आफुले प्राथमिक शिक्षा अध्ययन गरेको श्री गोइराङ आधार भूत विद्यालयमा अङ्केजी विषय त पढाउन्छन तर पढाए पश्चात् को परिवर्तन पनि देख्न नपाउँदै उनले विद्यार्थी गुमाउँछन अनि विद्यार्थीले पढाइमा रुची । विद्यार्थीहरु कि त ज्यालामजदुरीको बाटो समात्छन कि त बिहेको। पढाइमा लगनशिल र मिहिनेती विद्यार्थीको कक्षा ८ माथिको थप शिक्षाको जाँगरलाई रोकिदिन्छ कलिलो उमेरमा १-२ घण्टा टाढा रहेको विद्यालयसम्म हिँड्नु पर्ने बाध्यताले।

कैवाल्य फाउन्डेसनका प्रतिनिधि र लेकसिटी कलेज पोखरामा अध्ययनरत हामी ४ जनाको समूह गत फाल्गुन पहिलो साता गोइराङ आधारभूत विद्यालयलाई सहयोग सामाग्री लिएर बेनिघाट-रोराङ गाउँपालिका-१० पुगेका थियौँ । चेपाङ शब्दले प्रभावित हामी ठाउँ र शिक्षाको वस्तु स्थिति अवलोकन गर्न गएतापनि गोइराङ पुग्दाका दृश्यहरु सोचे र मानसपटलमा बनेको चित्र भन्दा फरक महशुस गर्यौँ । विद्यालयमा चेपाङ समुदायका विद्यार्थीहरुको वाहुल्यता भएको थाहा भएपछि सोही समुदायबाट शिक्षक शिक्षिका पनि हुनुहुन्छ कि भन्ने हाम्रो जिज्ञासा् रह्यो । विद्यालयका प्रधानाध्यापकबाट सिताराम सर एक्लो चेपाङ शिक्षक भएको थाहा पाएपछी अर्को दिन बिहानै हामी माङराङ स्थित उहाँको घर पुगेका थियौँ । बाटोमा चेपाङ समुदायका घरहरु नियाल्दै जाँदा हामी बाटोको दुरीले भन्दा त्यहाँको परिस्थिति, रहनसहन, वातावरण र गरिबी देखेर थाकेका थियौँ। सोध्दै खोज्दै खनी नसक्दै भत्किएको धुले बाटोको छेउछाउ फुलेका रातो र पहेँला फूल टिप्दै हामी धेरै फरक दुरीमा रहेका घरहरुको बस्ती माङराङ पुग्यौँ जहाँ सिताराम सरको घरको दृश्य र सरसफाइले पहिलोचोटीमै हामीलाई प्रभावित बनाएको थियो।

तीन दाजुभाइ मध्य जेठा छोरा सिताराम सरले शिक्षण पेसामा लागेपछी चिटीक्क परेको घर बनाएको बताउँदा उनको आँखाको चमक र छातीको नापो दुबैमा फरक देख्न सकिन्थ्यो । दुई भाइ १० देखी १२ कि.मी तल पृथ्वी राजमार्गमा पर्ने हुग्दी खोलामा मोबाइल पसल खोलेर बसेका छन। एउटा भाइले १२ मा फेरी जाँच दिन पर्नेभए पछी बिदेश गएर आएको र अर्कोले ९ कक्षाको परिक्षा उतिर्ण गर्न नसकेपछी दुबै जना मोबाइल पेसा तर्फ लागेको बताउँदा उनी अल्ली असन्तोष देखिन्थ्ये । भाइहरुले पढाइ पूरा गरेर आत्मनिर्भरताको बाटो समातेको भए राम्रो हुन्थ्यो भन्ने उनको गुनासो थियो।

हामी त्यो गाउँको पिडा सुन्न र हेर्न गएका पहिलो टोली पक्कै थिएनौ, धेरै गए होलान हामी जस्ता तर बिडम्वना एउटा जनताको पिडा सुन्नै र बुझ्नै भएपनि त्यो गाउँमा सरकारको उपस्थिति अझै पुगेको थिएन । उनले पढाउने स्कुलमा सहयोग सामाग्री लिएर आएको र भविष्यमा पनि उक्त स्कुललाई थप सहयोग गर्न सकिन्छ कि भन्ने विचार व्यक्त गर्दै हामीले परिचय दिइसकेपछी बिस्तारै उनी खुल्न थाले। आफ्नो अनुभव बिस्तारमा बताउँदै र हाम्रा जिज्ञासा र प्रश्नहरुको उत्तर फर्काउँदै गए र हामी उनको कुरामा मग्न हुँदै गर्दा उनलाई स्कुल जाने समय धन्नै बिर्साइदिएका थिएनौँ। उनले मन यसरी खोल्दै थिए जसरी बच्चाले आफ्नो मिठाइले भरिएको मुठ्ठी खोल्छ, फकाएर मागे । सानोमा चेपाङ भाषामात्र जान्ने उनलाई सुरुसुरुमा नेपाली भाषामा पढ्न साहैँ सकस भयो । कक्षा ५ सम्म गोइराङ पढेपछी थप शिक्षाका लागि करिब डेढ घण्टा टाढा खोरभन्ज्याङ पढ्न जानु बाहेक उनीसँग विकल्प थिएन। खोरभन्ज्याङ बाहुनक्षेत्रीको बस्ती भएकाले नेपाली सिक्न उनलाई केही सहज भएको बताउँदा हामी उनी अहिले बोलीरहेको नेपालीसँग उनको पहिलेको नेपाली अज्ञानमै तुलना गर्दै थियौँ । पढाइमा लगनशिल भएपछी नजिक र टाढा दुइ शब्द मात्र हुने रहेछन, बहाना होइन भन्ने कुराको उदाहरण सिताराम सर बनेका थिए जब उनले घरदेखि डेढ घण्टा टाढाको खोरभञ्ज्याङ राष्ट्रिय मावि बाट २०६३ सालमा एसएलसी उतिर्ण गरे । शिक्षाको भोक जती खायो त्यती बढ्ने रहेछ भनेझै उनमा उच्च शिक्षाको रहर जाग्यो । तर उच्च शिक्षाको लागि घरको आर्थिक स्थितिले नभ्याउने बारे पनि उनि राम्रो सङ अवगतै थिए। जहाँ समस्या त्यहाँ उपाय भनेझै उनको पढाईको लगावलाई मध्यनजर गर्दै गैरसरकारी संस्था आस्मान नेपालको सहयोगमा प्रमाणपत्र तह कुरिनटार बजारमा बसेर पढ्ने अवसर पाए । र त्यही बखत सोही संस्थाको माध्यमबाट एक वर्ष गाउँ गाउँ डुल्ने, त्यहाँका बासिन्दा, रहनसहन बारे जान्ने बुझ्ने मौका पनि मिल्यो । त्यो एक वर्ष उनको लागि जीवन रुपान्तरणको बाटो बन्यो, मनमा निकट भविष्यमा आफ्नो गाउँठाउँको लागि केहि गर्नुपर्छ भन्ने चेतनाको विकास भइसकेको थियो र त्यसैका लागि काम गर्दै, पढ्दै अङ्केजी विषयमा प्रमाणपत्र तह पनि उतिर्ण गरे । कागजको मुल्य यदी रुख भन्दा बढि हुन्छ भने नयाँ रुख रोपेरै भएपनी पुरानो काट्नु पर्नेरहेछ । उनले भने, 'मलाई मेरो गाउँठाउँको लागि केही गर्ने जोसले कागजको पछी कुदाएको थियो जसको लागि मैले गरिबी अशिक्षाले पिछडिएको मानिने हाम्रो चेपाङ जाती र केही समयकै लागि भएपनि आफ्नो गाउँ छोडेँ परिवार छोडेँ र त्यही भए मलाई कागज दिने रुख । त्यसपछी पनि म आत्तीइन र पढ्ने संकल्प छोडीन। सायद त्यसैले मभिमटार निवासी तिलक चेपाङको सहयोगमा चितवन भरतपुर स्थित बालकुमारी क्याम्पसमा छात्रवृत्तिमा पढ्ने अवसर मिल्यो । स्नातक तह भने मैले मेजर नेपाली लिएर सकेँ।' उनी गफीदै गर्दा उनका ३ सन्तान दुई छोरी र एउटा छोरा आँगनमा खेलीरहेका देखिन्थे र सोध्ने क्रममा उनीहरुसँग पनी गन्थन गर्यौँ तर कुरा गर्दैगर्दा उनीहरु विद्यालय जाने हतारमा देखिन्थे । केही बेरमा स्कुल जान छ, हात खुट्टा धुन जाउ भन्दा आनाकानी नगरी उनीहरु घर छेउकै धारोमा सरसफाइ गरेको देख्दा लाग्यो पढाइले कती फरक पार्दो रहेछ ? बाटो भरी धुलाम्मै र हिलाम्मै फोहोर देखीएका बच्चाहरु भन्दा उनीहरु निकै फरक देखीन्थे। हुन त बस्तीमा सबैका बुबा राम्रै आम्दानी भएका शिक्षक पनि थिएनन तर पनी सरसफाइलाई सायद धन भन्दा बढि चेतना र इच्छाशक्ति चाहिन्थ्यो। खैर सरसफाइ बाहेक अर्को कुरा पनि थियो जुन चेपाङ बस्तीका अरु बालबालिकामा बाहेक सितारामका सन्तानमा बढि देखिन्थ्यो र त्यो थियो, पढ्ने इच्छाशक्ति र दुबै छोरीहरु आआफ्ना कक्षामा आउने प्रथम स्थान र हामीले उनीहरुको पढाइ सोध्दा पहिलो उत्तर नै आफ्नो गर्वका साथ भन्न मिल्ने वार्षिक परिक्षाको नतिजा थियो।

यती समय बितिसक्दा पनी हाम्रो गाउँठाउँमा अभिभावकको चेतनाको कमिको कारण छोराछोरीलाई पढाउनुपर्छ भन्ने भावनाको विकास नै नभएको देख्दा भने मन भकानीन्छ। अहिले माङराङबाट आठ कक्षामाथी खोरभन्ज्याङमा पढ्न जाने विद्यार्थीहरुको संख्या खासै उल्लेखनिय छैन, कमजोर आर्थिक अवस्थाका कारण विद्यार्थीहरु पढाइ छोडेर ज्यालामजदुरीमा लाग्ने गरेको उनले देख्छन र बदल्न प्रयत्न गर्छन तर कहाँ कुन ठाउँबाट उनी चुक्छन उनले थाहा पाउँदैनन । त्यससँगै उनका कति छिमेकीले पढेपनी राम्रो जागिर नपाइने, अवसर नपाइने हुनाले आफ्ना बालबालिकालाई आर्थिक जोहो गर्नमै बल गरेको पनी देखीयो र सायद अवसरको कमी पनि होला किनकी हामी बस्ने सहरमा नपुगेको अवसर त्यो बोट बिनाको पहरोमा किन र कसरी पुगोस ? तर केही गर्ने मौका पाए पछी पनि नहट्ने सिताराम सर भन्छन, 'गाउँमै आधुनिक कृषिको तालिम प्रदान गर्ने व्यवस्था, माटो सुहाउँदो बाली लगाउने बारे जानकारी हुने हो भने, तरकारी खेती गरेर पनी आर्थिक अवस्था उकास्न सकिन्थ्यो। यदी आर्थिक अवस्था सुधार हुन्थ्यो त बालबच्चालाई विद्यालय पठाउन पनि उनका बाबुआमालाइ गार्हो नहुँदो हो। र मैले बढि विद्यार्थी पढाउन पाउँथे। भोली म जस्तै यी बस्तीमा अरु देख्न पाउँथे जसलाइ हजुरहरु आज मलाई भेट्न र सोध्न आए जसरी आउँदा हुन तर त्यस पटक भने विचराको भाव लिएर होइन, बधाइ को हर्ष बाँड्न। अझ आठ कक्षासम्म पढाइ हुने गोइराङमा १० कक्षा सम्म पढाउन मिल्ने गरि पहल गर्न सके धेरै विद्यार्थीहरुले टाढा धाउनु पर्ने थिएन।'

सिताराम सर पढाउन स्कुल जाने बेला भैसकेको थियो भने उनका छोरीहरु पहिल्यै साथीहरुसँग निस्किसकेका थिए । गन्तव्य एकै भएका कारण हामी सर सँगै निस्कने निधो गरेर केहीबेर अझै गफमा रुमलिदै थियौँ । त्यतीकैमा कुरा सितारामको विवाहमा पुगेको थियो । जब सफा चिटीक्क परेर मुहारमा सेताम्मै दन्तेलहर देखाउँदै उनकी श्रीमतीले भित्रबाट चिया लीएर आइन । उनी गाउँ पुगेपछी नै हामीले देखेकी एक मात्र आमा थिइन जसको उमेर आमा बन्न योग्य देखिन्थ्यो। त्यसैले उनको नाम र गाम पछी हामी उनको उमेर र विवाहको कुरासम्म पुग्यौँ र लजाएकी श्रीमतीको स्वभाव र मनोभाव बुझेर सायद सिताराम सरले आफ्नो प्रेमविवाहको कथा सुनाउन थाले । कसरी उनी उच्च शिक्ष पढ्न जान भन्दा पहिल्यै प्रेममा परे र उनकी श्रीमतीले पनि उनलाइ कुरेर बसीन, अनि विवाह गर्न योग्य उमेर भएपछी उनीहरुले आफ्नो वैवाहिक सम्बन्ध बसाए । त्यती भन्दा लाग्यो सायद कती धेरै फरक ल्याउछ शिक्षाले जीवनको हरकुनै पाटोमा चाहे त बोल्ने शैली होस या बस्ने शैली होस या हाँस्ने।

हामी चाहान्थ्यौँ सिताराम सर अझै राम्राराम्रा कुरा सुनाउन, परिवर्तनका कुरा, क्रान्तिका कुरा अनि सफलताका कुरा जुन उनलाई राजनीतिले र भाग्यले नभइ शिक्षाले दिएको थियो । उनले आफ्नोमा हामी नयाँ मान्छे देखेर आएकी बुढीआमाको परिचय दिदैँ उनकै उमेर भएका आफ्नो बुबाका कुरा गर्न थाले। कसरी उनी झारफुक गरेर आम्दानी गर्थे र शिक्षाको अभाव र अज्ञानताको कारण अस्पतालै भुलेर गाउँका मान्छे सबै उनकोमा उपचारका लागि आउँथे । तर जब बाट सितारामले आफ्नो परिवारलाइ आफुले आर्जेको ज्ञानबाट आफ्ना बुबालाइ अस्पतालको महत्व बुझाए, उनका बाबुले हिजोआज झारफुकको काम छोडेको बताए । झारफुकका लागि आउनेलाइ उनी आजकल स्वास्थ्य चौकी जान सुझाउन्छन । यो सुन्दा हामी सितारामको कुरामा चर्को गरेर ताली पिट्न चाहान्थौ तर ताली मात्रले उनले र उनको पढाइले ल्याएको परिवर्तनलाइ सम्मानले समेट्न सक्ने थिएन, सायद त्यसैले हामीले ताली त बजाएनौ तर सम्मानमा मनैबाट शिर भने अवश्य झुकायौँ । स्कुल जाने बेला भैसकेको थियो र अघी झरेको लामो बाटो पनि त फर्किनु थियो त्यसैले हामी सिताराम सर तयार हुनेबेलासम्म फोटो खिच्नमा र आफ्नै गफमा रुमलीयौँ र केही बेरमै चिटीक्क सर्ट पाइन्टमा तयार सिताराम सरसँग गाउँ र बस्तीका कथा व्यथा अनि सरका सपना सुन्दै स्कुल तिर लाग्यौँ । -लेखक लेक सिटी कलेज एण्ड सेण्टरमा प्रथम वर्षमा अध्ययनरत छन्।

तीनपटक सूचना प्रकाशित गर्दा परेन बोलपत्र

पोखरापत्र संवाददाता
तनहुँ, २१ जेठ

ढुङ्गा, गिटी र बालुवा उत्खनन्का लागि तीन पटक सूचना प्रकाशित गर्दा पनि बोलपत्र नपरेपछि तनहुँको देवघाट गाउँपालिकाले एक कम्पनीलाई सङ्कलनको अनुमति दिएको छ। चालु आर्थिक वर्षमा तीनपटक सूचना प्रकाशित गर्दा बोलपत्र नपरेपछि गाउँपालिकाले प्रकृया मिलाएर सन्ध्या सन्देश निर्माण सेवालाई उत्खनन्को अनुमति दिएको हो।

गाउँपालिकाले २०७७ माघ १४, फागुन १३ र २०७८ वैशाख ६ गते सूचना प्रकाशित गरेको थियो। तीनैपटक कसैको बोलपत्र नपरेपछि उक्त कम्पनीलाई रु ३० लाखमा अनुमति दिइएको गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले जानकारी दिनुभयो । गत आर्थिक वर्षमा पनि ढुङ्गा, गिटी, बालुवा उठाउन सोही कम्पनीले ठेक्का पाएको थियो। कोरोना कहर र निषेधाज्ञाका कारण नदीजन्य पदार्थ सङ्कलन नभएपछि गाउँपालिकालाई राजश्व घाटा लागेको थापाले बताउनुभयो।

नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा देवघाटस्थित स्वतन्त्र युवा समूहले विरोध जनाएका छन् । स्थानीयवासीको विरोध रहिरहे आगामी आर्थिक वर्षमा पनि ढुङ्गा, गिटी, बालुवाको ठेक्का नलाग्ने निश्चित भएकाले सचेत हुन थापाले आग्रह गर्नुभयो। उहाँले खुल्ला र प्रतिस्पर्धात्मक रूपमा घाट बोलपत्रमा लैजाने वातावरण सिर्जना गर्न आग्रह गर्नुभयो। नदीजन्य पदार्थ उत्खनन् बाट सङ्कलित राजश्वको ४० प्रतिशत प्रदेश सरकारलाई र बाँकी ६० प्रतिशत राजश्वको ५० प्रतिशत प्रभावित क्षेत्रमा विकासका काममा लगानी गरिने थापाले भन्नुभयो । "देवघाट गाउँपालिकाको वनपैदावर, ढुङ्गा, गिटी, बालुवा, विकास निर्माण कार्यमा देवघाटका युवालाई प्राथमिकता दिन्छौँ," उहाँले भन्नुभयो । देवघाटस्थित स्वतन्त्र युवाहरूको समूहले भने जथाभावी रूपमा उत्खनन् गरेको भन्दै गाउँपालिकासमक्ष विरोधपत्र बुझाएका छन् । गाउँपालिकाका मुख्य घाटहरूबाट जथाभावी नदीजन्य पदार्थको उत्खनन् रोक्न माग गर्दै विरोधपत्र बुझाइएको युवा गणेश थापाले बताउनुभयो।

लायन्स फुड बैंकमार्फत साठी परिवारलाई खाद्यान्न

पोखरापत्र संवाददाता
तनहुँ, २१ जेठ

लायन्स क्लब अफ तनहुँ व्यास सिटीद्वारा सञ्चालित लायन्स फुड बैंकमार्फत ६० परिवारलाई खाद्यान्न सहयोग गरिएको छ । विश्वभरि फैलिरहेको नयाँ भेरियन्टसहितको कारोनाभाइरसकोमहामारीकाकारण नेपालमा चलिरहेको निषेधाज्ञाले घरमा चुलो बल्न कठिनाइ भएको परिवारलाई खाद्यान्न सहयोग गरेको हो।

निषेधाज्ञाको समयमा कुनै पनि परिवार भोकै बस्न नपरोस् भन्ने उद्देश्यका साथ लायन्सले फुड बैंक स्थापना गरी खाद्यान्न सहयोग गर्दै आएको लायन्स क्लब अफ तनहुँ व्यास सिटीका सचिव शान्ता बाँस्तोलाले जानकारी दिनुभयो । क्लबले एक हप्ताको खाद्यान्न प्याकेज लिएर अतिविपन्न परिवार, अपाङ्गता, मिर्गौलापीडित भएर थलिएका, छोरा बुहारीले हेरचाह नगरेका वृद्धवृद्धालाई सहयोग गर्दै आएको उहाँले बताउनुभयो । अन्यमार्फत पठाउँदा दुरुपयोग हुनसक्ने भएकाले समितिका पदाधिकारीहरू नै सम्बन्धित व्यक्तिको घरदैलोमा पुगेर वास्तविकता बुझेर राहत वितरण गर्ने गरिएको क्लबले जनाएको छ।

यस अभियानमा दमौलीमा रहेका खाद्य पसल, लायन्स क्लबका पदाधिकारी, विदेशमा रहेका नेपाली दाजुभाइको साथ र सहयोगका कारण अघि बढ्न प्रेरणा मिलेको क्लबका अध्यक्ष कुमार मल्लले बताउनुभयो । हाम्रो कामको मूल्याङ्कन गरी विभिन्न क्षेत्रबाट प्रोत्साहनस्वरुप सहयोग प्राप्त भएकाले घामपानी नभनी सहयोग गर्दै आएको उहाँले बताउनुभयो । यस अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने योजना रहेको तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं क्लबका चार्टर प्रेसिडेन्ट्स पवीन्द्रकुमार श्रेष्ठले बताउनुभयो।

निषेधाज्ञा लम्ब्याइयो

पोखरापत्र संवाददाता
तनहुँ, २१ जेठ

कोभिड-१९ को संक्रमण न्यूनीकरणका लागि तनहुँमा गरिएको निषेधाज्ञालाई चौथो पटक थप गरिइएको छ।

कोभिडको जोखिम अझै कम नभएको र समुदायमा व्यापक फैलिन सक्ने अवस्थालाई ध्यानमा राख्दै जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले निषेधाज्ञालाई यही जेठ ३१ गतेसम्म थप गर्ने निर्णय गरेको हो।

जिल्ला गत वैशाख २२ देखि ३१ गतेसम्म पहिलो, यही जेठ १ देखि १५ सम्म दोस्रो र जेठ १६ देखि २२ सम्म तेस्रो पटक निषेधाज्ञा गरिएको छ । तेस्रो पटक गरिएको निषेधाज्ञा भोलि शनिबार राति १२ बजे सकिदैछ। सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले कोभिड जोखिम कम नभएकाले निषेधाज्ञालाई निरन्तरता दिने निर्णय भएको जानकारी दिनुभयो। उहाँका अनुसार निषेधाज्ञा कडाईका साथ कार्यान्वयन गर्न स्थानीय तह लगायत सबै पक्षलाई अनुरोध गरिएको छ।

आमसञ्चार प्रतिष्ठान अर्को वर्ष स्थापना हुने

रासस
काठमाडौं, २१ जेठ

नेपालमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान आगामी वर्षभित्र स्थापना गरिने भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले मन्त्रिपरिषद्को नियमित बैठकबारे जानकारी गराउन आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा चौथो अंगलाई मर्यादित र जिम्मेवार बनाउन प्रतिष्ठानको आवश्यकता रहेको बताउनुभयो। मन्त्रिपरिषद्को नियमित बैठकबारे जानकारी गराउन आज सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले प्रतिष्ठान विकास समिति गठन आदेश २०७८ अर्थ मन्त्रालयमा पठाइसकिएको बताउनुभयो।

सहसचिव र सचिव हुनका लागि ६ महिना स्टाफ कलेज तालीम लिनुपर्ने, नेपाली सेना, नेपाल प्रहरी तथा अन्य क्षेत्रमा लोकसेवा उत्तीर्ण गरेर नियुक्त भएपछि पनि सम्बन्धित विषयमा थप तालीम र प्रशिक्षण लिनुपर्ने प्रसंग उल्लेख गर्दै मन्त्री गुरुङले पत्रकारका लागि पनि थप प्रशिक्षण आवश्यक भएको बताउनुभयो । एउटा सूचनामा केही तलमाथि पर्दा देशले कहिलेकाहीँ शिर झुकाउनुपर्ने अवस्था आउने तथा अप्रिय घटना हुने हुँदा देशको चौथो अंगले जवाफदेही र मर्यादित बन्नुपर्नेमा मन्त्री गुरुङले जोड दिनुभयो। मन्त्री गुरुङले पत्रकार कल्याणकारी कोषलाई कार्यविधि बनाएर सक्रिय बनाइने पनि बताउनुभयो । सूचना तथा प्रसारण विभागबाट जारी गरिने परिचयपत्र प्राप्त गर्न निकै झन्झट बेहोर्नुपरेकाले अब देशभरका पत्रकारले परिचयपत्र प्राप्त गर्न तथा नवीकरण गर्न विभाग धाउनुपर्ने बाध्यताको अन्त्य गर्न लागिएको मन्त्री गुरुङले सुनाउनुभयो । अब हुलाक र अनलाइनबाटै सो कार्य गर्न सकिने व्यवस्था गर्न लागिएको उहाँले जानकारी दिनुभयो । पत्रकारलाई निःशुल्क उपचारको व्यवस्था सूचना विभागले उपलब्ध गराउने परिचयपत्रका आधारमा आगामी साउनदेखि नै लागू हुने बताउनुभयो।

कोभिड -१९ बाट प्रभावित पत्रकारका लागि लेखनवृत्ति र सञ्चार गृहका लागि पुनःकर्जाको व्यवस्था गरिएको र पत्रकार कल्याणकारी कोषलाई कार्यविधि बनाएर सक्रिय बनाइने उहाँले जानकारी दिनुभयो।

सरकारले सगरमाथा संवाद आयोजना गर्ने निर्णय गरेको सो अवसरमा मन्त्री गुरुङले जानकारी दिनुभयो। नेपाल-भारत सरकारबीचको सहमतिमा जिटुजी प्रणालीबाट मल खरीदबिक्रीको काम अघि बढाइने, प्रमुख जिल्ला अधिकारीलाई कोभिडका पदाधिकारी मुकर्रर गर्ने, नेपाल सरकारको स्वामित्वमा रहेको जर्मनीमा रहेको घरजग्गा बिक्री गर्ने तथा हरेक वर्ष पुस ११ गते राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइने निर्णय सरकारले गरेको मन्त्री गुरुङले बताउनुभयो । यसैगरी विश्वविद्यालय अनुदान आयोगका सदस्यमा प्रा डा यादवप्रकाश लामिछाने, मदन भण्डारी औद्योगिक विश्वविद्यालय पूर्वधार निर्माण विकास समितिका कार्यकारी निर्देशकमा डा विनोद अर्याल तथा प्रेस काउन्सिलका अध्यक्षमा बालकृष्ण बस्नेतलाई चार वर्षका लागि नियुक्त गर्ने निर्णय गरिएको मन्त्री गुरुङले बताउनुभयो।

आगामी आर्थिक वर्षको बजेटले नयाँ सन्देश दिएको र त्यसको कार्यान्वयनमा सबै लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। बजेटको विरोधमा विपक्षी गठबन्धनबाट सानातिना विज्ञप्तिबाजी भए पनि सारमा त्यसको स्वागत नै भइरहेको उहाँले बताउनुभयो । सञ्चारका क्षेत्रमा आवश्यक बजेट विनियोजन गरिएको र त्यसको नेपाल पत्रकार महासंघले समेत स्वागत गरेकामा मन्त्री गुरुङले धन्यवाद व्यक्त गर्नुभयो।

बागलुङ र बर्दियामा चौथो पटक निषेधाज्ञा जारी

पोखरापत्र संवाददाता
बागलुङ, २१ जेठ

बागलुङ र बाँकेमा चौथो पटक निषेधाज्ञा थप गरिएको छ। जिल्ला कोभिड संकट व्यवस्थापन समिति बागलुङको बैठकले थप एक साता निषेधाज्ञा गर्ने निर्णय गरेको बागलुङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताउनुभयो।

उहाँका अनुसार यसअघि बन्द बैंक तथा वित्तीय संस्था सञ्चालनलाई भने केही खुकुलो बनाइएको छ। अब बैंक तथा वित्तीय संस्था बुधबार र आइतबार बिहान ७ देखि १० बजेसम्म खुला रहने छ। बैठकले यही जेठ ३१ गतेसम्मका लागि निषेधाज्ञा थप गर्ने निर्णय गरेको हो।

कोरोना संक्रमण र मृत्यु दर नघटेको जनाउँदै बर्दियामा पनि स्थानीय प्रशासनले चौथो पटक निषेधाज्ञा थपेको छ। जिल्ला प्रशासन कार्यालयले आज सूचना जारी गर्दै १० दिन जिल्लाभर निषेधाज्ञा जारी गरिएको जनाएको छ।

तपाईको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: ब्यापारमा लाभ
वृष	: मन चञ्चल	वृश्चिक	: सत्कार मिल्नेछ
मिथुन	: शत्रुको भय	धनु	: झमेला बढ्ने
कर्कट	: मानसिक तनाब	मकर	: शारिरीक झमेला
सिंह	: आर्थिक समस्या	कुम्भ	: सम्मान मिल्नेछ
कन्या	: कार्यमा सफलता	मीन	: सहयोग मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

विश्वकप फुटबल छनोटमा चाइनिज ताइपेईविरुद्ध नेपालको जित

रासस
काठमाडौं, २१ जेठ

चाइनिज ताइपेईविरुद्धको खेलमा नेपाल विजयी भएको छ । कुवेतको जाबेर अल अहमद मैदानमा बिहीबार राति भएको खेलमा नेपालले चाइनिज ताइपेईलाई २-० गोलअन्तरले पराजित गरेको हो ।

सन् २०२२ मा कतारमा हुने विश्वकप तथा २०२३ मा चीनमा हुने एसिया कपको संयुक्त छनोटअन्तर्गत दोस्रो चरणको छनोट खेलमा नेपालले ताइपेईविरुद्धको खेलमा उत्कृष्ट खेल प्रदर्शन गरेको थियो । नेपालका लागि अन्जन विष्ट र नवयुग श्रेष्ठले गोल गर्नुभएको हो । खेलको चौंथो मिनेटमा नै विष्टले पेनाल्टीमार्फत गोल गर्नुभएको हो । सन्तोष तामाङले प्रहार गरेको फ्रिकिक ताइपेईका चेङ हाओको हातमा लागेपछि नेपालले पेनाल्टीको अवसर पाएको हो । विष्टले पेनाल्टीको अवसर सहजै उपयोग गर्नुभयो ।

खेलको ११औँ मिनेटमा ताइपेईका खेलाडी वु चुन चिङको प्रहार नेपाली गोलरक्षक किरण चेम्जोङले रोक्नुभयो । यस्तै खेलको १६औँ मिनेटमा सुनिल बलको गोल गर्ने प्रयास सफल हुन सकेन् । खेलको २४औँ मिनेटमा अन्जन विष्टले गोलको प्रयास गर्नुभएको थियो तर उहाँ चुक्नुभयो । मध्यान्तरअघिको खेलसम्म ताइपेईले नेपालसामु निकै दबाबमा खेल्यो । सो अवधिभर नेपाली टोली ताइपेईमाथि हावी रहन पुग्यो । नेपाली खेलाडीहरूले बराबरी गोल गर्ने कुनै अवसर ताइपेईका खेलाडीलाई दिनुभएन ।

मध्यान्तरपछिको खेलमा ताइपेईले आक्रामक खेल्यो । पटक पटक गोलको प्रयासहरू भए पनि ताइपेई सफल भने हुन सकेन् । यसबीचमा खेलको ५४औँ मिनेटमा सन्तोष तामाङको प्रयास पनि सफल हुन सकेन । यस्तै खेलको ७० औँ मिनेटमा ताइपेईले कर्नरकिकको मौका पाए पनि त्यसको नेपाली खेलाडीले बचाउ गरेका थिए । खेलको ८०औँ मिनेटमा मनिष डाँगी गोल गर्नबाट असपल हुनुभए पनि ८१औँ मिनेटमा भने नवयुग श्रेष्ठले उत्कृष्ट गोल गर्नुभयो । योसँगै नेपालले ताइपेईविरुद्ध २-० गोलको अग्रता लियो । त्यसपछिको खेलमा ताइपेई केही आक्रामक खेल्न पुग्यो । उसको तर्फबाट पटकपटक गोलको प्रयास भए पनि सफल भने हुन सकेन ।

जितसँगै नेपालले ६ अंक जोडेको छ । नेपाल समूह बीको चौथो स्थानमा छ । ताइपेई हालसम्म अङ्कबिहीन छ । यसअघि पनि नेपालले ताइपेईलाई नै पराजित गर्दै तीन अङ्क जोडेको थियो । फिपा बरियतामा ताइपेई १४१औँ स्थानमा छ भने नेपाल १७१औँ स्थानमा छ । दुवै देशका खेलाडीले कुवेतको गर्मीलाई मुख्य चुनौतीका रूपमा लिएका थिए । बिहीबार राति खेल हुँदाका बखतको अधिकतम तापक्रम ३९ डिग्री सेन्टिग्रट थियो । समूह बी मा १२ अङ्कका साथ अस्ट्रेलिया शीर्ष स्थानमा छ । दोस्रो स्थानमा १० अङ्कसहित कुवेत छ भने १० अङ्ककै साथ जोर्डन तेस्रो स्थानमा छ ।

इराकसितको मैत्रीपूर्ण खेल खेलेर नेपाली टोली त्यहाँबाट कुवेत प्रस्थान गरेको हो । नेपालले दोस्रो खेल जेठ २४ गते जोर्डनसित तथा तेस्रो खेल जेठ २८ गते अष्ट्रेलियासँग खेल्ने कार्यक्रम रहेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । नेपाली टोलीको प्रशिक्षकमा अब्दुल्लाह अल्मुताइरी रहनुभएको छ । नेपाली टोलीको गोलरक्षकमा किरण चेम्जोङ, विशाल सुनार र दीप कार्की, डिफेन्डरमा रोहित चन्द, अनन्त तामाङ, दिनेश राजवंशी, गौतम श्रेष्ठ, सुमन अर्याल र विकास खवास, मिडफिल्डरमा विशाल राई, मनिष डाँगी, एरिक विष्ट, कमल थापा, सन्तोष तामाङ, सुमन लामा, सुनिल बल, सुरज जिउ ठकुरी, पुजन उपरकोटी र आयुष घलान तथा फरवार्डमा अभिषेक रिजाल, अन्जन विष्ट, नवयुग श्रेष्ठ र आशिष लामा रहनुभएको छ । यसअघि नेपाल गत साता मैत्रीपूर्ण खेलमा इराकसित ६-२ गोलअन्तरले पराजित भएको थियो ।

बेनी-जोमसोम सडक कालोपत्र शुरु

– सन्तोष गौतम
म्याग्दी, २१ जेठ (रासस)

यहाँको उत्तरी क्षेत्र हुँदै हिमाली जिल्ला मुस्ताङ जोड्ने बेनी-जोमसोम सडक कालोपत्र शुरु भएको छ। उत्तर दक्षिण जोड्ने कालीगण्डकी कोरिडोर, बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत पहिलो र तेस्रो प्याकेजमा कालोपत्र शुरु गरिएको हो । पहिलो प्याकेजअन्तर्गत जिल्लाको राहुघाटदेखि बेगखोलासम्मको छ किलोमिटर र मुस्ताङको थासाङ गाउँपालिकाको खन्तीदेखि कैकुखोलासम्मको १६.५ किलोमिटर सडक कालोपत्र शुरु गरिएको छ।

प्रवेश विन्दुमा पर्ने बेनी नगरपालिका-९ गलेश्वरमा करीब एक किलोमिटर र चौथो नम्बर प्याकेजमा पर्ने कोवाङदेखि जोमसोमसम्मको १८ किलोमिटर सडक पनि कालोपत्र गर्न लागिएको आयोजनाका इन्जिनीयर आषिश मानन्धरले बताउनुभयो । "बेनी घाँसा खण्डको दुई प्याकेजमा डिबिएसडी र घाँसा जोमसोम खण्डको दुई प्याकेजमा असपाल्ट प्रविधिको कालोपत्र हुँदैछ", उहाँले भन्नुभयो, "११ मिटर फराकिलो बनाइएको सडकको सातदेखि आठ मिटर चौडाइमा कालोपत्र हुन्छ ।" सोह्र दशमलव पाँच किलोमिटर दूरीको दोस्रोअन्तर्गत म्याग्दी र मुस्ताङको सिमानामा रहेको काभ्रे, बादरजुङ र घोप्टेभिर तथा पहिरो प्रभावित रुप्से क्षेत्रबाहेकका स्थानमा सडक स्तरोन्नति अन्तिम चरणमा पुगेको छ। पहिलो प्याकेजको बेगखोला-जलथले खण्डमा भने ढिलाइ भएको छ । पहिलो प्याकेजको राहुघाट-बेगखोला खण्डको सहायक ठेकेदार ओमकारेश्वर कन्सट्रक्शनका प्रतिनिधि अमृत दाहालले प्राइम कोड हालेर कालोपत्रको काम शुरु गरेको बताउनुभयो । "मौसमले साथ दियो भने गलेश्वरदेखि बेगखोलासम्मको छ किलोमिटर सडक जेठ महिनाभित्र कालोपत्र सक्ने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "सडक विस्तार, नाली र पर्खाल निर्माण सकेर सब बेस बिछ्याउने र रोलरले पेलिएको खण्डमा कालोपत्र गर्न लागिएको हो ।" कोरोना महामारीको जोखिम र निषेधाज्ञाका बाबजुद स्थानीय प्रशासन, बेनी-जोमसोम-कोरला सडक आयोजना र स्थानीय पालिकासँग समन्वय गरेर मजदूर, उपकरण र निर्माण सामग्री जुटाएर आयोजनालाई निरन्तरता दिइएको दाहालले बताउनुभयो ।

विसं २०७४ साउनदेखि ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडक चार प्याकेजमा स्तरोन्नति भइरहेको छ। करीब रु छ अर्ब लागतको यस आयोजनाको ११० किलोमिटर दूरीको जोमसोम-कोरला खण्डको ८८ र बेनी-जोमसोम खण्डको ६५ प्रतिशत भौतिक प्रगति छ । सात प्याकेजको जोमसोम-कोरला खण्डको चार प्याकेजको काम निर्माण सकिएको आयोजनाका सूचना अधिकारी आश्विनीकुमार यादवले बताउनुभयो ।

विसं २०६४ मा नेपाली सेनाले ट्र्याक खोलेर विसं २०६७ मा सडक विभागलाई हस्तान्तरण गरेको बेनी- जोमसोम सडक कच्ची र जीर्ण थियो । कच्ची र साँघुरो सडकमा हिउँदमा धुलाम्मे तथा वर्षामा हिलाम्मे हुने समस्या थियो । बेनी-जोमसोमको चार प्याकेज (भाग)मा छुट्टाछुट्टै निर्माण कम्पनीसँग रु दुई अर्ब ५० करोडमा ठेक्का सम्झौता भएको थियो । रु तीन अर्ब ४० करोड लागत अनुमान गरिएको थियो । बेनी-घाँसा खण्डका दुई प्याकेज र घाँसा जोमसोम खण्डको एउटा प्याकेजको कामको ठेक्का शर्मा/युनाइटेड जेभीले लिएको थियो । विसं २०७६ असारभित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि ढिलासुस्तीले काम प्रभावित भएको हो । यो सडकलाई गण्डकी प्रदेशको 'भाग्यरेखा' मानिएको छ । सडकले पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्वपूर्ण योगदान पुग्ने मुस्ताङबाट निर्वाचित निवर्तमान प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले बताउनुभयो ।

कोरला नाका सञ्चालन गर्ने वातावरण बन्ने, आन्तरिक तथा बाह्य पर्यटक एवं तीर्थयात्रीको आगमन बढ्ने, स्थानीयवासीलाई सुविधा पुग्ने, कालीगण्डकी र आसपासका नदीमा जलविद्युत्को विकास हुने अपेक्षा गरिएको छ।

म्याग्देलाई दुई थान अक्सिजन सिलिन्डर सहितका स्वास्थ्य सामग्री

पोखरापत्र संवाददाता
तनहुँ, २१ जेठ

तनहुँ उद्योग वाणिज्य सङ्घले म्याग्दे गाउँपालिकालाई अक्सिजन सिलिन्डर सहितका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ।

सङ्घले खडा गरेको कोभिड सङ्कट व्यवस्थापन महाअभियान २०७८ मार्फत् गाउँपालिकालाई दुई थान अक्सिजन सिलिन्डर सहितको स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो। गाउँपालिकामा आज सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठ लगायत पदाधिकारीले गाउँपालिकाका अध्यक्ष मायादेवी रानालाई उक्त सामग्री प्रदान गर्नुभएको छ। सङ्घले मास्क, स्यानीटाइजर, फेशसिल्ड, डस्टविन, पिपिई लगायतका सामग्री सहयोग गरेको सङ्घका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो।

सङ्घले जिल्लाका विभिन्न पालिका र अस्पताललाई अक्सिजन सिलिन्डर सहित स्वास्थ्य सामग्री वितरण गरिरहेको छ। यसअघि दमौली अस्पताललाई ६ थान अक्सिजन सिलिन्डर, बन्दीपुर अस्पताललाई तीन , आँबुखैरेनी स्वास्थ्यचौकीलाई तीन र पुरनडिही अस्पताललाई तीन अक्सिजन सिलिन्डर सहयोग गरिएको उहाँले बताउनुभयो। म्याग्दे गाउँपालिकाकी अध्यक्ष मायादेवी रानाले कोभिड नियन्त्रणका लागि निजी क्षेत्रबाट गरिएको सहयोग उल्लेखनीय रहेको जनाउँदै सबैको सामूहिक प्रयासले यसलाई नियन्त्रण गर्न सकिने बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले सामग्री सहयोग गरेकामा सङ्घप्रति आभार व्यक्त गर्नुभयो।

यसैगरी दमौलीमा सञ्चालनमा रहेको तीन प्रयोगशाला प्रशासनले बन्द गराएको छ। दर्ता नभएका र उद्देश्य विपरित सञ्चालन भएका तीन प्रयोगशाला प्रशासनले बन्द गराएको हो । सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालको नेतृत्वमा केही दिन अगाडी गरिएको अनुगमन पश्चात् चार प्रयोगशाला तत्काल बन्द गर्न निर्देशन दिइएको थियो । बन्द भएकाप्रयोगशालालाई प्रदेशबाट अनुमति लिएर आउन आग्रह गरिएपछि व्यास डायग्नोष्टिक प्रालिले मात्रै अनुमति ल्याएपछि उक्त ल्याबलाई सञ्चालनको अनुमति दिइएको उहाँले जानकारी दिनुभयो।

छ हजार ६५३ सङ्क्रमित थप

रासस
काठमाडौं, २१ जेठ

देशभरमा शुक्रबार कोभिड-१९ का छ हजार ६५३ सङ्क्रमित थपिएका छन् । शुक्रबार नै आठ हजार ६६३ सङ्क्रमणमुक्त भएका छन् । देशभरमा आज जम्मा २० हजार ८१३ को परीक्षण भएको थियो।

तीमध्ये पिसिआर १४ हजार १८२ र एन्टिजेन विधिबाट छ हजार ६३१ जनाको परीक्षण भएको थियो। कोभिडका कारण पछिल्लो २४ घण्टामा १०१ को मृत्यु भएको मन्त्रालयले जनाएको छ।

देशभर गरी भेण्टिलेटरमा ४०४ र सघन उपचार कक्षमा एक हजार ४२२ सङ्क्रमित छन् । संस्थागत आइसोलेशनमा छ हजार ८०७ र होम आइसोलेशनमा ९० हजार ८५२ सङ्क्रमित छन् । हालसम्म देशभरका २१ लाख १३ हजार ८० ले पहिलो र छ लाख ९१ हजार १८४ ले दोस्रो मात्रा खोप लगाएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

पहिरो पीडितका घर ठड्याउँदै जैमिनी

पोखरापत्र संवाददाता
बलेवा, २१ जेठ

बाढी, पहिरोबाट क्षति भएका घरहरूको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि जैमिनी नगरपालिकाले दोहोरो प्रक्रिया अघि बढाएको छ । सङ्घ सरकारको कार्याक्रम कार्यान्वयन र नगरपालिकाले आफ्नै कार्यक्रम बनाएर पुनर्निर्माण र पुनर्स्थापनाको काम थालेको हो।

सङ्घ सरकारले क्षति भएका निजी आवास पुनर्निर्माणको लागि अनुदान उपलब्ध गराउने भनेपनि काममा ढिलाइ भएको भन्दै नगरले आफ्नै कार्यक्रम ल्याएको हो । नगरको विपत् व्यवस्थापन कोषबाट बजेट परिचालन हुने गरी निजी आवास पुनर्निर्माणका लागि सूचना गरेको नगरप्रमुख इन्द्रराज पौडेलले बताउनुभयो । सङ्घ सरकारको कार्यक्रम आउनुपूर्व घर बनाउन चाहनेलाई नगरले दुई लाख रुपैयाँ अनुदान दिने भएको छ ।"हामीले तत्काल घर बनाउन चाहनेलाई सरकारले तोकेको मापदण्डअनुसार घरको नक्सा बनाएर अनुदानका लागि आउनु भनेका छौँ", इञ्जिनियर विवेक सापकोटाले भन्नुभयो, "सङ्घ सरकारको अनुदान आउनु पूर्व घर बनाउनेलाई नगरले रु दुई लाख अनुदान दिन्छ, बाँकी रु दुई लाख व्यक्तिले खर्च गर्नुपर्छ ।" सङ्घ सरकारले चार लाख रुपैयाँ अनुदान दिने छ। सोही कार्यविधिका आधारमा पुनर्निर्माण गरिने सापकोटाले बताउनुभयो । "घर निर्माणकै चरणमा माथिको अनुदान आए रु चार लाख लाभग्राहीले पाउँछन्, घर बनिसकेपछि भने प्रक्रिया सकिन्छ", सापकोटा भन्नुहुन्छ, "नगरले दिएको अनुदानमा घर बनाउन कसैले खोजी गरेको पाइएको भने छैन ।" बर्खा लागिसक्दा समेत सङ्घ र प्रदेश सरकार समेतको साझेदारीमा सञ्चालन हुने अनुदान कार्यक्रम कार्यान्वयनमा आउन नसकेका कारण नगरले आफ्नै कार्यक्रम बनाएको हो।

"पीडितहरू समस्यामा हुनुहुन्छ, हामीले सकेसम्म तत्कालको समस्या टार्न खोजेका हौँ", नगरप्रमुख पौडेल भन्नुहुन्छ, "उहाँहरूलाई जे गर्दा सहज हुन्छ त्यही गर्नु भनेका छौँ ।" जैमिनीमा तत्काल निर्माण गर्नुपर्ने गरी ५६ घर भत्किएका थिए। केही घर प्रबलीकरण गर्नुपर्ने छन् भने केही घरपरिवारले थातथलो नै छोडेर तराईमा झरेका छन् । नगरपालिका आफैँले ठूलो खर्च गरेर पुनर्निर्माणमा लाग्न स्रोतको अभाव रहेको गुनासो नगरमा छ । सङ्घ सरकारले बागलुङलाई विपतग्रस्त क्षेत्र घोषणा गरेकाले पुनर्निर्माण र पुनर्स्थापनाको कार्यक्रम आउने आशामा बस्दा निजी आवास निर्माणमा ढिलाइ भएको पौडेलले बताउनुभयो । सडक, भवनलगायतका अन्य पूर्वाधारमा समेत गत वर्षको वर्षामा क्षति पुगेको तथ्याङ्क नगरपालिकासँग छ।

अमेरिकाले नेपाललाई खोप उपलब्ध गराउने

रासस
काठमाडौं, २१ जेठ

नेपाललाई संयुक्त राज्य अमेरिकाले कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराउने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले आज विज्ञप्ति जारी गर्दै अमेरिका सरकारले नेपाललाई कोभिड-१९ विरुद्धको खोप सहयोग गर्ने निर्णय गरेको जानकारी गराउनुभयो ।

कुन र कति मात्रा खोप दिने भन्ने विज्ञप्तिमा भएको छैन। "कोभिड-१९ विरुद्धको खोप नेपाललाई उपलब्ध गराउने घोषणा गर्नु सराहनीय छ । यस सहयोगको घोषणाप्रति हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछौँ । साथै भविष्यमा नेपाल र नेपालीका तर्फबाट यस किसिमका साथ र सहयोगको अपेक्षा गर्दछौँ ", विज्ञप्तिमा भनिएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म: वि.स. १९८८/०८/१६ गते
स्वर्गारोहण: वि.स. २०७८/०२/१० गते

स्व: (QGO)ले. होपबहादुर गुरुङ

हाम्रा पुजनीय भेनाज्यू (QGO) ले. होपबहादुर गुरुङ को ९० वर्षको उमेरमा असामयीक निधनले म्लों ह्रों परिवार स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि बुद्ध भगवानमा कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

अध्यक्ष एवं
म्लों ह्रों परिवार
पोखरा

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म: वि.स. १९८८/०८/१६ गते
स्वर्गारोहण: वि.स. २०७८/०२/१० गते

स्व: ले. होपबहादुर गुरुङ

यस टोल विकास संस्थाका सदस्य ले. होपबहादुर गुरुङ को ९० वर्षको उमेरमा असामयीक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

अध्यक्ष एवं
बाँझापाटन (क) टोल बिकास संस्था परिवार
पोखरा-१३, बाँझापाटन, कास्की